# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

## (Organization and Management Survey)

राप्ती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

मसुरिया, देउखुरी, दाङ

२०८०

प्रतिवेदन पेस गर्ने:

समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा. लि., ललितपुर

E-mail: samika.rtc2076@gmail.com

# संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

राप्ती गाउँपालिकाको कार्यालय, दाङ

२०८०

प्रतिवेदन पेश गर्ने :

समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा. लि., ललितपुर

**E-mail: samika.rtc2076@gmail.com**

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

# विषयसूची


१.१ अध्ययनको पृष्ठभूमि ........ 1

१.२ कार्यदलको परिचय ........ 2

१.३ अध्ययनको उद्देश्य ........ 2

१.४ अध्ययनको विधि र सीमा ........ 2

२.१ विद्यमान सांगठनिक ढाँचा ........ 4

२.२. विद्यमान दरबन्दीको अवस्था ........ 5

२.३ विद्यमान संरचना र दरबन्दी सम्वन्धमा देखिएका समस्याहरु ........ 7

२.४ कानुनी व्यवस्था ........ 8

२.५ संगठन तथा व्यवस्थापन सर्भेक्षणका सिद्धान्तहरु ........ 9

३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण ........ 11

३.२ उपलब्ध मानव स्रोतको आँकलन ........ 12

३.३ परिवर्तनको औचित्य ........ 12

३.४ वित्तीय विश्लेषण र थप दरबन्दीले पर्न सक्ने भार ........ 12

४.१ प्रस्तावित सांगठनिक ढाँचाको व्याख्या ........ 14

४.२ प्रस्तावित दरबन्दी विवरणको व्याख्या ........ 14

गाउँ कार्यपालिकाको प्रस्तावित संगठन संरचना ........ 15

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुको दरवन्दी तेरिज ........ 17

शाखा तथा इकाइहरुको कार्यविवरण ........ 20

नगर अस्पतालको मुख्य मुख्य कार्यविवरण ........ 46

आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको कार्यविवरण ........ 58


SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

# भाग - १

## १.१ अध्ययनको पृष्ठभूमि

सरकारी कार्यालयहरुमा संगठन तथा जनशक्ति विस्तार तथा संकुचन गर्दा निश्चित आधार सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानुनी व्यवस्था निजामती सेवा ऐन, २०४९ ले गरेको छ । निजामती सेवा ऐनको दफा ६क को उपदफा (२) अनुसार कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य तथा उपलब्ध मानवस्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । यस्तै उपदफा (२क) मा व्यवस्था भए अनुरुप अर्थ मन्त्रालयवाट प्राप्त सहमतिको आधारमा सामान्य प्रशासन मन्त्रालयले सोको मूल्यांकन गरी स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ भन्ने उल्लेख छ ।

नेपालको संविधानको अनुसूचिहरु बमोजिम स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा राप्ती गाउँपालिकाको कार्यविभाजन नियमावली, २074 बमोजिम गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार (मन्त्रिपरिषद) बाट विभिन्न मितिमा स्वीकृत भएको यस गाउँपालिकाको संगठन संरचना र दरबन्दीलाई समसामयिक बनाउनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरिएको हो ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

## १.२ कार्यदलको परिचय

रासी गाउँपालिका र समिका अनुसन्धान तथा तालिम केन्द्र (Samika Research and Training Center), ललितपुरबीच गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने सम्झौता भए बमोजिम समिका अनुसन्धान तथा तालिम केन्द्र, ललितपुरका विशेषज्ञहरुबाट यो संगठन तथा व्यवस्थापन सर्भेक्षणको कार्य सम्पादन भएको हो । संगठन तथा व्यवस्थापन सर्भेक्षणको क्रममा केन्द्रबाट गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, गाउँपालिकाका सदस्यहरु, वडा अध्यक्ष, वडा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुहरुसँग छलफल गरी वहाँहरुको सकृय सहभागिता र सल्लाह लिईएको थियो ।

केन्द्रले तयार गरेको प्रतिवेदन गाउँ कार्यपालिकाका सदस्यहरुसँग छलफल गरी अन्तिम रुप दिइएको हो । यसर्थ यस कार्यमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, गाउँपालिकाका सदस्यहरु, वडा अध्यक्ष, वडा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुहरुको संलग्नता रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

- स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार संचालन ऐन र कर्मचारी समायोजन ऐन बमोजिम गाउँपालिकाको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृतिका लागि सिफारिश गर्ने,
- प्रस्ताव गरिएका शाखाहरुको कार्यविवरण सिफारिश गर्ने ।

## १.४ अध्ययनको विधि र सीमा

केन्द्रले संगठन तथा व्यवस्थापन सर्भेक्षणका मान्य सिद्धान्त, गाउँपालिकाको नेपालको संविधानमा उल्लिखित एकल तथा साझा अधिकार, स्थानीय सरकार संचालन ऐन बमोजिम केन्द्रका अधिकार समेतको आधारमा गाउँपालिकाको संगठन संरचना, दरबन्दी तेरिज तथा शाखाहरुको कार्य

विवरण, कार्यक्रम, कार्यबोझ र कार्यप्रकृतिको अध्ययन विश्लेषण, गाउँ कार्यपालिकाका सदस्यहरुबाट प्राप्त राय/सुझावहरु तथा विगतका अध्ययन प्रतिवेदनहरुको विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । प्रस्तावित शाखाहरुमा कार्य गर्नका लागि दरवन्दी सृजना भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकाको संगठन संरचना तथा कर्मचारी दरबन्दी पुनरावलोकन गर्नु परेको र गाउँपालिकाको संरचनालाई समयानुकूल वनाउन गर्नुपर्ने आवश्यक परिवर्तन गर्नका लागि तोकिएको छोटो समयमा नै यो संगठन संरचना र दरबन्दी विवरण तयार गरिएको छ ।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

# भाग - २

## २.१ विद्यमान सांगठनिक ढाँचा

साविकमा नेपाल सरकार(मन्त्रिपरिषद) बाट स्वीकृत भएको रासी गाउँपालिकाको संगठन संरचना देहाय बमोजिम रहेको छ ।

**रासी गाउँपालिका, दाङ**
**गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना**



| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 2 | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ३ | | ३ | |
| 3 | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | १ | ४ | |
| 4 | अ. सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ५ | | ५ | |
| ५ | मुखिया | तेश्रो | प्रशासन | सा.प्र. | | | | ० | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | | **16** | **1** | **15** | |
| **कुल जम्मा** | | | | | | **36** | **1** | **34** | |

नोट : कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरवन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।

स्वाथ्य संस्थाको दरबन्दी

| क्र सं | स्वास्थ्य संस्थाको नाम | मे.अ. (८ तह) | हे.अ. (५/६/७ तह) | स्टाफ नर्स (५/६/७) | अ.हे.ब. (४/५/६ तह) | अ.न.मी. (४/५/६ तह) | ल्या.अ. (४/५/६ ) | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लालमटिया स्वास्थ्य चौकी | | १ | | ३ | २ | | ६ | |
| २ | सिसनिया स्वास्थ्य चौकी | | १ | | ३ | २ | | ६ | |
| | | ० | २ | ० | ६ | ४ | ० | १२ | |
| | कृषि र पशु तर्फको दरबन्दी | | | | | | | | |
| क्र.सं. | पद | तह | सेवा | समूह | दरबन्दी | | | जम्मा | कैफियत |
| १ | कृषि अधिकृत | ६/७ औं | कृषि | कृषि | १ | | | १ | |
| २ | पशु विकास अधिकृत | ६/७ औं | कृषि | भेटेरिनरी | 1 | | | १ | |

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रा. स. | ५/६ औं | कृषि | कृषि | २ | | | २ | |
| ४ | प्रा. स. | ५/६ औं | कृषि | पशु/ला. | २ | | | २ | |
| ५ | ना.प्रा.स. | ४/५ औं | कृषि | कृषि | १ | | | १ | |
| ६ | ना.प्रा.स. | ४/५ औं | कृषि | पशु/ला. | २ | | | २ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | २ | | | २ | करार |

११

## २.३ विद्यमान संरचना र दरबन्दी सम्वन्धमा देखिएका समस्याहरु

नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न मितिका निर्णय बमोजिम यस गाउँपालिकाको कूल ५२ वटा दरबन्दीहरु स्वीकृत भएको छ । जसमध्ये प्रमुख प्रशासकीय अधिकृत संघको दरबन्दी रहेको र बाँकी ५१ दरबन्दीहरु गाउँपालिकाको रहने गरी निर्णय भएको छ । त्यसपश्चात विभिन्न समयमा दरबन्दी श्रृजना गरी कर्मचारी समायोजन भई आएको छ। हालसम्म यस गाउँपालिकामा स्थायी र करार गरी ९२ जना को दरबन्दी स्वीकृत गरी विभिन्न काममा खटाइएको देखिन्छ। उक्त दरबन्दीबाट मात्र गाउँपालिकाको सम्पूर्ण कार्यहरु सम्पादन गर्न कठिन भएको हुँदा संगठन तथा व्यवस्थापन गरी माहाशाखा र शाखाहरुको दरबन्दीहरुको मिलान एवं थप सृजना गर्नुपर्ने देखिन्छ।

त्यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) मा कर्मचारी समायोजनको कार्य समाप्त भएपश्चात प्रदेश र स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धित निकायले आफैंले गर्न सक्ने व्यवस्था भए बमोजिम संघबाट कर्मचारी समायोजनको सकाम समेत समापन भएकाले गाउँपालिकाको दरबन्दी पुनरावलोकनका लागि समेत यो संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नुपरेको हो ।

## २.४ कानुनी व्यवस्था

राप्ती गाउँपालिका, दाङको संगठन तथा व्यवस्थापन सर्भेक्षणका लागि देहायका कानुनी आधारहरु रहेका छन् ।

**क. स्थानीय सरकार संचानल ऐन, २०७४ को दफा ८३ को**

**उपदफा** गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ (१), राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सगंठन संरचना कायम गर्नु पर्नेछ।

**उपदफा** (२ बमोजिमको सगंठन संरचनामा हरेक वडाको सगंठन संरचना समेत (१) उपदफा ( समावेश भएको हुनु पर्नेछ।

**उपदफा** (३प्रमुख प्रशासकीय अधिकृतले गाउँप (ालिका वा नगरपालिकाको अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी सगंठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ।

**उपदफा** (४ बमोजिम (३) उपदफा (कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (५ बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने (३) उपदफा (

RESEARCH & TRAINING CENTER PVT. LTD.

तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (६) स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन।

**उपदफा** (७) गाउँपालिका तथा नगरपालिकाले सगंठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ।

**उपदफा** (८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन।

**उपदफा** (९) **उपदफा** (७) र (८) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ।

**उपदफा** (१०) यस दफा बमोजिम तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ।

**ख. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा** (१०) कर्मचारी समायोजनको कार्य सम्पन्न भइ सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन्। सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भइ आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

## २.५ संगठन तथा व्यवस्थापन सर्भेक्षणका सिद्धान्तहरु

राप्ती गाउँपालिका, दाङको संगठन तथा व्यवस्थापन सर्भेक्षणका क्रममा देहायका सिद्धान्तहरु अवलम्बन गरिएको छ।



RESEARCH & TRAINING CENTER PVT. LTD.

- कार्य विशिष्टिकरण - मिल्दो वा एकै प्रकृतिकोको कार्य एकै ठाँउमा राख्ने सिद्धान्त अनुरुप संगठन संरचना प्रस्ताव गरिएको,
- कार्य वोझ र दरवन्दीको किसिम, तह र संख्याबीच तालमेल मिलाइएको,
- प्रत्येक पदमा आसिन कर्मचारीले हप्तामा ४० घन्टा काम गर्नु पर्ने। कुनै एक दरवन्दी सृजनाको लागि प्रत्येक हप्ता ४० घन्टाको कार्यवोझ (work load) हुनुपर्ने गरी दरबन्दी प्रस्ताव गरिएको,
- दरवन्दी संरचनालाई यथासंभव घटाइ उपयुक्त आधारमा ल्याइएको,
- सूचना प्रविधिको प्रयोगबाट संगठनको अभिलेख व्यवस्थापन कार्य सरलीकरण, समयको बचत, स्थान व्यवस्थापन (space management) कार्यदक्षतामा हासिल गर्ने संगठन तथा कार्यविधिलाई IT based वनाउने प्रयास गरिएको,
- संगठन तथा दरवन्दी सिर्जना गर्दा कार्यबोझका आधारमा संरचनाको सिद्धान्त (Structure Based on workload), संगठनात्मक संरचनाको आधारमा जनशक्तिको सिद्धान्त (Staffing based on Functions and Structure), आयतन लाभको सिद्धान्त (Economies of Scale) र सेवा प्रवाहको सुनिश्चितता (Certainty of Service Delivery) लाई ध्यानमा राखी उपयुक्त संगठन संरचना र दरवन्दी सृजना गरिएको।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

भाग - ३

## ३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण

नेपालको संविधानको अनुसूचीमा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार सूची, गाउँपालिकाद्धारा स्वीकृत कार्य विभाजन नियमावली, २०७४ लाई आधार लिई यस गाउँपालिकाको संगठन संरचना, दरबन्दी र कार्य विवरण तयार गरिएको छ । सोही अनुसार यस गाउँपालिकामा हाललाई प्रमुख प्रशासकीय अधिकृत संघको रहने गरी साविकका शाखा र इकाइहरुका कार्यहरुका आधारमा एकीकृत र खण्डित गरिएको हो । गाउँपालिका अन्तर्गत विभिन्न शाखाहरु र इकाइहरु रहने गरी प्रस्ताव गरिएको छ । गाउँपालिकामा कुल १६५ दरबन्दी प्रस्ताव गरिएको छ। यस दरबन्दीभित्र गाउँपालिका अन्तर्गतका सबै शाखा इकाइ, वडा कार्यालय, कृषि सेवा केन्द्र तथा स्वास्थ्य संस्थाका कर्मचारीहरु समेटिएको छ । जसमध्ये ८६ कर्मचारी स्थायी पदपूर्ति हुने गरी प्रस्तावित गरिएको छ भने बाँकी दरबन्दीहरु करार/ज्यालादारीमा पदपूर्ति गर्ने गरी प्रस्ताव गरिएको छ। करार/ज्यालादारीमा पदपूर्ति गर्ने गरी प्रस्ताव गरिएका पदहरु विशेष गरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेका कार्यालय सहयोगी, हलुका सवारी चालक, पाले, स्वीपर जस्ता श्रेणीबिहिन दरबन्दीहरु रहेका छन्। त्यस्तै सामुदियक स्वास्थ्य इकाईमा रहने स्वास्थ्यका दरबन्दीहरु पनि करारबाटै पदपूर्ति गर्ने गरी प्रस्ताव गरिएको छ। यो दरबन्दी गाउँपालिकाको वित्तीय श्रोत तथा कामको बोझका आधारमा एकैपटक नभइ पटक पटक गरी पदपूर्ति गर्न समेत सिफारिश गरिएको छ। संगठन संरचना र दरबन्दी विवरण क्रमश: अनुसूची १ र ३ मा उल्लेख गरिएको छ । नगर अस्पतालको संगठन संरचना तथा दरबन्दी विवरण क्रमश: अनुसूची २ र ४ मा उल्लेख गरिएको छ। शाखा तथा इकाइहरुको कार्यविवरण यसै प्रतिवेदनको अनुसूची ५ मा उल्लेख गरिएको छ भने अस्पतालको कार्यविवरण अनुसूचि ६ मा र आधारभूत स्वास्थ्य सेवा इकाइहरुको कार्यविवरण अनुसूचि ७ मा संलग्न गरिएको छ ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

## ३.२ उपलब्ध मानव स्रोतको आँकलन

गाउँपालिकामा रहने दरबन्दीहरुलाई प्रदेश सरकार तथा स्थानीय तहबाट पछि स्वीकृत हुने विभिन्न सेवा, समूह (गठन तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरुसँग सम्बन्धित पद, सेवा, समूह र श्रेणी स्पष्टसँग खुल्ने गरी तयार गरिएको छ। उक्त नियमहरुसँग नमिल्ने पदहरुलाई त्यस्तो नियम बनेपछि आबद्ध गरिनेछ। कर्मचारी समायोजनको कार्य सम्पन्न भइसकेको हुँदा प्रस्तावित दरबन्दीहरु कुनै पनि फाजिलमा समेत पर्ने छैनन्। सेवा समूह अनुसार नै दरबन्दी प्रस्ताव गरिएको हुँदा खुला प्रतिस्पर्धा वा बढुवाबाट त्यस्ता दरबन्दीहरुमा पदपूर्ति हुनेछ ।

संगठन संरचना र दरबन्दीमा प्रस्ताव गरिएका पदहरुमध्ये स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेका कार्यालय सहयोगी, हलुका सवारी चालक, पाले, स्वीपर जस्ता श्रेणीबिहिन दरबन्दीहरु करार वा ज्यालादारीबाट पदपूर्ति हुने गरी प्रस्तावित गरिएको छ।

## ३.३ परिवर्तनको औचित्य

नेपाल सरकारबाट स्थानीय तहहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्दा नेपालभरिका गाउँपालिकाहरुको एउटै संगठन संरचना र एकै किसिमको दरबन्दी रहेकोमा गाउँपालिकाको आवश्यकता र क्षमताको आधारमा संविधानमा उल्लिखत स्थानीय तहका एकल तथा साझा अधिकारको सूचि बमोजिमका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्नका लागि हाल नेपाल सरकारबाट विभिन्न मितिमा स्वीकृत यस गाउँपलिकाको संगठन संरचना र दरबन्दी अपर्याप्त भएकाले गाउँपालिकाको संगठन संरचना र दरबन्दीलाई प्रभावकारी बनाइ कार्य सहजीकरण गर्न यो संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नु परेको हो।

## ३.४ वित्तीय विश्लेषण र थप दरबन्दीले पर्न सक्ने भार

सबैजसो स्थानीय तहहरु जस्तै रासी गाउँपालिकालाई समेत नेपालको संविधानको अनुसूचिमा उल्लिखित अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रोतको सीमितता एउटा मुख्य



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

चुनौति हो। आन्तरिक आम्नादी अपेक्षाकृत हुन नसक्नु र साधारण खर्चको निरन्तर वृद्धिलाई तालमेल गर्नु गाउँपालिकाको लागि प्रमुख चुनौति देखिन्छ। प्रस्तावित संगठन तथा व्यवस्थापन सर्भेक्षणको प्रतिवेदनमा कूल १८ जना दरबन्दी थप गर्ने प्रस्ताव गरिएको छ। नगर अस्पतालको ३५ दरबन्दी समेत अस्पताल संचालनमा आउनासाथ बढ्नेछ। यो दरबन्दी पदपूर्ति हुनासाथ अवकास सम्मको दायित्व निकै ठूलो हुन्छ। मासिक तलब भत्ता जस्ता प्रत्यक्ष खर्च र विदा अवकास लगायतका कयौं अप्रत्यक्ष खर्चको जोहो गर्ने सुनिश्चित गरेर मात्र प्रतिवेदन कार्यान्वयनमा लैजानु जरुरी देखिन्छ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

भाग - ४

## ४.१ प्रस्तावित सांगठनिक ढाँचाको व्याख्या

यस गाउँपालिकाको विगतमा स्वीकृत संगठन संरचना कार्यमूलक र कार्यबोझ नै देखिएकाले त्यसलाई सामान्य परिवर्तन गरिएको छ । प्राविधिक कार्इरुलाई गाउँपालिकाबाटै मात्र गर्ने गरी दरबन्दी प्रस्ताव गरिएको छ भने वडा कार्यालयहरुमा प्रशासन सेवाका मात्र दरबन्दी प्रस्ताव गरिएको छ। प्राविधिक दरबन्दी गाउँपालिकाभित्रै राखी त्यहींबाट प्राविधिक सेवा पुऱ्याउने सिफारिश गरिएको छ। सबै वडाहरुमा स्वास्थ्य चौकीहरु भएको हुँदा आधारभूत स्वास्थ्य सेवाका लागि थप स्वास्थ्य संस्थाहरु प्रस्ताव गरिएको छैन भने नेपाल सरकारको एक स्थानीय तह एक अस्पतालको नीति बमोजिम एउटा प्राथमिक अस्पतालको समेत आधारभूत संगठन संरचना तथा दरबन्दी प्रस्ताव गरिएको छ। त्यस्तो अस्पतालका लागि ३५ दरबन्दी प्रस्तावित गरिएको छ।

गाउँपालिकाले स्वास्थ्य चौकीको पहुँच टाढा भएको अवस्थामा कुनै पनि वडामा स्वास्थ्य इकाइ स्थापना गरी सेवा प्रवाह गर्न सक्नेछ। त्यस्तो स्वास्थ्य इकाइलाई स्थायी संरचना नबनाइ आवश्यकता अनुसार स्थानान्तरण समेत गर्न सक्नेछ। यस प्रतिवेदनमा त्यस्तो कुनै स्वास्थ्य इकाइ वा बर्थिङ सेन्टरको दरबन्दी प्रस्ताव गरिएको छैन।

## ४.२ प्रस्तावित दरबन्दी विवरणको व्याख्या

नेपाल सरकारबाट विभिन्न मितिमा स्वीकृत यस गाउँपालिकाको दरबन्दी गाउँपालिकाको कार्यक्षेत्र तथा विकट भौगोलिक क्षेत्र र गाउँपालिकाको उपलब्ध श्रोतका आधारमा गाउँपालिकाको दरबन्दी प्रस्ताव गरिएको छ। यो दरबन्दी गाउँपालिकाले एकैपटक पदपूर्ति नगरी आफ्नो उपलब्ध श्रोत र आवश्यकताका आधारमा क्रमश पदपूर्ति गर्दै जानु उपयुक्त हुनेछ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

रासी गाउँपालिका, दाङ

## गाउँ कार्यपालिकाको प्रस्तावित संगठन संरचना

गाउँसभा → लेखा, विधायन, सुशासन तथा अन्य समिति

गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति

अध्यक्ष → उपाध्यक्ष → न्यायिक समिति

**प्रमुख प्रशासकीय अधिकृत**
८ औं (प्र./सा.प्र.)-१

**प्रशासन शाखा**
प्रशासन इकाई
अधिकृत, ६/७/८ औं (प्र./सा.प्र.)-१
कम्प्युटर अपरेटर, ५ औं (विविध)-१
सहायक, चौथो (प्र./सा.प्र.)-१
भारी सवारी चालक (श्रेणीबिहिन) -३
हलुका सवारी चालक (श्रेणीबिहिन)-३
श्रेणीविहिन-६ (का.स.-४, स्वीपर-१, माली-१)
जिन्सी इकाई
सहायक ४/५ औं (प्र./सा.प्र.)- १

**वडा कार्यालयहरु- ९**
सहायक ५औं (प्र./सा.प्र.)-९
अ.स.इ/स.इ. ४/५औं (इन्जि./सि.)-९
सहायक, चौथो (प्र./सा.प्र.)-९
का.स., श्रेणीविहिन- ९

**योजना तथा अनुगमन शाखा**
अधिकृत, ६/७/८ औं (प्र./सा.प्र.)- १

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**
ईन्जिनियर ६/७/८ औं इन्जि/सि.)-१
सडक, सिंचाइ तथा अन्य पूर्वाधार विकास इकाइ
सब-ईन्जि, ५औं (इन्जि./सभिल)-१
भवन तथा मापदण्ड कार्यान्वयन इकाइ
आर्किटेक्ट इन्जिनियर, ६/७/८ औं (इन्जि./वि आर्क)-१
सब-ईन्जि., ५औं (इन्जि./सिभिल)-१
अमिन, चौथो (इन्जि./सर्भे)-१
वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन इकाइ
वातावरण निरीक्षक ६ औं (विविध)-१
खा.पा.स.टे., ४/५ औं-१
सरसफाई सुपरीवेक्षक (करार)-१
स्वीपर (ज्यालादारी)-४

**कानुन शाखा**
कानुन अधिकृत, ६/७/८ औं (कानुन)-१

**शिक्षा, युवा तथा खेलकुद शाखा**
अधिकृत, ७/८ औं (शिक्षा)-१
अधिकृत, ६/७ औं (शिक्षा)-१
प्रा.स., ५ औं (शिक्षा) -१

**स्वास्थ्य शाखा**
ज.स्वा.अ./नि- ६/७/८ औं (स्वा./हे.इ.)-१
सि.अ.न.मि.- ६/७ औं (स्वा./नर्सिङ)-१
हे.अ./अहेव ४/५ औं (स्वा/हे.ई.)-१

**आन्तरिक लेखा परिक्षण इकाई**
आन्तरिक लेखा परिक्षक- ५औं (प्र./लेखा)-१

**सूचना प्रविधि शाखा:**
सूचना प्रविधि अधिकृत, ६ औं (विविध)-१

**आर्थिक प्रशासन शाखा**
अधिकृत ६/७/८ औं (प्र./ले)-१
लेखा सहायक, ४/५ औं (प्र./ले)-१
राजस्व इकाई
सहायक, ५औं (प्र./लेखा)-१

**सामाजिक विकास शाखा**
सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई
सहायक, ५औं (प्र./सा.प्र.)-१
महिला, बालबालिका तथा समाज कल्याण इकाई
म.वि.नि./स.म.वि.नि.,४/५औं(विविध)-२

**नगर प्रहरी**
सहायक प्रहरी निरीक्षक-१
प्रहरी हवल्दार-१, प्रहरी जवान-४

**आर्थिक विकास शाखा**
पशु सेवा तर्फ
अधिकृत ६/७/८ (भेटेरिनरी)-२
प्रा.स., ५ औं (पशु सेवा)-२ {भेटेरिनरी-१, लापोडेडे-१}
ना. प्रा.स. ४/५औं-२ {भेटेरिनरी-१, लापोडेडे-१}
कृषि विकास तर्फ
अधिकृत, ६/७/८ (कृषि)-१
प्रा.स., ५औं (कृषि)-२
ना.प्रा.स., ४/५औं (कृषि)-१
कार्यालय सहयोगी-१
उद्योग, पर्यटन तथा सहकारी तर्फ
सहायक ५औं (प्र./सा.प्र.)-१
स.क.अ., चौथो (विविध)-१

**स्वास्थ्य चौकीहरु २ वटा (हरेकमा):** (मेडिकल अधिकृत १, हे.अ./सिअहेव ५/६औं -१, हेअ/अ.हे.व. ४/५औं -४, अ.न.मि. ४/५औं -४, ल्याव असिष्टेन्ट ४/५औं -१, ह.स.चा.-१, का स-२)
**आधारभूत/सामुदायिक स्वास्थ्य इकाइ ११ वटा (हरेकमा):** (अ.हे.व. ४/५औं -१, अ.न.मि. ४/५औं-१, का स-१)

अनुसूचि २

## नगर अस्पतालको प्रस्तावित संगठन संरचना



अनुसूचि-३

## रासी गाउँपालिका, दाङ

## गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुको दरवन्दी तेरिज

| क.सं. | पद | तह | सेवा | समूह | मौजुदा दरबन्दी | प्रस्तावित दरबन्दी | | कूल कायम हुने | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थप | घट | | |
| 1 | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | १ | | | १ | |
| 2 | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | १ | | | १ | |
| 3 | इन्जिनियर | ६/७/८ औं | इन्जि. | सिभिल | १ | | | १ | |
| 4 | अधिकृत | ६/७/८ औं | शिक्षा | शि.प्र. | १ | | | १ | |
| 5 | अधिकृत | ६/७/८ औं | प्रशासन | लेखा | १ | | | १ | |
| 6 | अधिकृत | ६/७/८ औं | प्रशासन | सा.प्र. | २ | | | २ | |
| 7 | अधिकृत | ६/७/८ औं | न्याय | कानुन | १ | | | १ | |
| 8 | जनस्वास्थ्य निरीक्षक | ६/७/८ औं | स्वास्थ्य | हे. ई. | १ | | | १ | |
| 9 | नर्सिङ अधिकृत | ६/७ औं | स्वास्थ्य | नर्सिङ | १ | | | १ | |
| 10 | आर्किटेक्ट इन्जिनियर | ६/७/८ औं | इन्जि. | वि आर | १ | | | १ | |
| 11 | सूचना प्रविधि अधिकृत | ६/७/८ औं | विविध | | १ | | | १ | |
| 12 | वातावरण निरीक्षक | ६/७/८ औं | विविध | | १ | | | १ | |
| 13 | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | १ | | | १ | |
| 14 | सहायक | ५ औं | प्रशासन | सा.प्र. | ५ | | | ५ | |
| 15 | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | १ | | | १ | |
| 16 | लेखा सहायक | ४/५ औं | प्रशासन | लेखा | १ | १ | | २ | |
| 17 | सहायक | चौथो | प्रशासन | सा.प्र. | १ | | | १ | |
| 18 | प्रा. स. | ५ औं | शिक्षा | शि. प्र. | १ | | | १ | |
| 19 | ज स्वा अ/अधिकृत | ६/७/८ औं | स्वास्थ्य | हे. ई. | १ | | | १ | |
| 20 | स्टाफ नर्स/सि.अ.न.मि. | ५/६/७ औं | स्वास्थ्य | नर्सिङ | १ | | | १ | |
| 21 | हे.अ./अहेव | ४/५ औं | स्वास्थ्य | हे. ई. | १ | | | १ | |
| 22 | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | २ | | | २ | |
| 23 | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ० | | | ० | |
| 24 | सहायक | चौथो | प्रशासन | सा.प्र. | १ | | | १ | |
| 25 | म.वि.नि/स.म.वि.नि. | ४/५ औं | विविध | | १ | | | १ | |
| 26 | अमिन | चौथो | इन्जि. | सर्भे | १ | | | १ | |
| 27 | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध | | १ | | | १ | |
| 28 | खा.पा.स.टे. | चौथो/पाचौ | इन्जि. | सिभिल | १ | | | १ | |
| 29 | सरसफाई सुपरीवेक्षक | चौथो | | | | १ | | १ | करार |



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 30 | हेभी सवारी चालक | | | | २ | १ | | ३ | करार |
| 31 | हलुका सवारी चालक | श्रेणी बिहिन | | | ३ | | | ३ | करार |
| 32 | का स/पाले/माली | श्रेणी बिहिन | | | ८ | | २ | ६ | करार |
| ३३ | स्वीपर | श्रेणी विहिन | | | ० | ४ | | ४ | ज्यालादारी |
| वडातर्फको दरबन्दी | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | ९ | | | ९ | |
| २ | सब इ./अ.स.इ. | ५/४ औं | इन्जि. | सिभिल | ९ | | | ९ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | ९ | | | ९ | |
| ४ | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | ९ | | | ९ | करार |
| कृषि/पशु सेवा इकाइको दरबन्दी | | | | | | | | | |
| १ | कृषि अधिकृत | ६/७/८ औं | कृषि | कृषि | १ | | | १ | |
| २ | पशु विकास अधिकृत | ६/७/८ औं | कृषि | भेटेरिनरी | १ | १ | | २ | |
| ३ | प्रा. स. | ५/६ औं | कृषि | कृषि | २ | | | २ | |
| ४ | प्रा. स. | ५/६ औं | कृषि | पशु/ला. | २ | | | २ | |
| ५ | ना.प्रा.स. | ४/५ औं | कृषि | कृषि | १ | | | १ | |
| ६ | ना.प्रा.स. | ४/५ औं | कृषि | पशु/ला. | २ | | | २ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी बिहिन | | | | | | | |
| स्वास्थ्य तर्फका दरबन्दीहरु | | | | | | | | | |
| १ | मे अ | ८ औं | स्वास्थ्य | ज हे स | २ | | | २ | करार |
| २ | हे. अ. | ५/६ औं | स्वास्थ्य | हे. ई. | २ | | | २ | |
| ४ | अ.हे.व. | ४/५/६ औं | स्वास्थ्य | हे. ई. | ८ | | | ८ | |
| ५ | अ.न.मि. | ४/५/६ औं | स्वास्थ्य | नर्सिङ | ८ | | | ८ | |
| ६ | ल्याव असिस्टेन्ट | ४/५/६ औं | स्वास्थ्य | मे ल्या टे | २ | | | २ | |
| ७ | अ.हे.व. | ४/५ औं | स्वास्थ्य | हे. ई. | ७ | ४ | | ११ | करार |
| ८ | अ.न.मि. | ४/५ औं | स्वास्थ्य | नर्सिङ | ७ | ४ | | ११ | करार |
| ९ | कार्यालय सहयोगी | | | | ११ | ४ | | १५ | करार |
| जम्मा | | | | | **१३८** | **१८** | **०** | **१५६** | |

* संघको दरबन्दी

अनुसूचि ४.

नगर अस्पतालको दरबन्दी

| क्र.सं. | पद | तह | सेवा | समुह | मौजुदा दरवन्दी | थप | घट | कूल प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मे.सु. | ९/१० औं | स्वास्थ्य | ज.हे. | १ | | | १ | |
| २ | मे.अ. | ८ औं | स्वास्थ्य | ज.हे. | २ | १ | | ३ | |
| ३ | हे.अ./सिअहेव | पाँचौ/छैटौं | स्वास्थ्य | हे.ई. | ६ | | | ६ | |
| ४ | स्टाफ नर्स/सि.अ.न.मि. | पाँचौ/छैटौं | स्वास्थ्य | ज.न. | ६ | | | ६ | |
| ५ | फार्मेसी सहायक | चौथो/पाँचौ | स्वास्थ्य | फार्मेसी | १ | १ | | २ | |
| ६ | ल्याव टेक्निसियन/ल्याव असिष्टेन्ट | चौथो/पाँचौ | स्वास्थ्य | मे.ल्या.टे. | २ | | | २ | |
| ७ | रेडियो ग्राफर | पाँचौ | स्वास्थ्य | रेडियोलोजी | १ | १ | | २ | |
| ८ | डेन्टल हाइजेनिष्ट | चौथो/पाँचौ | स्वास्थ्य | | १ | | | १ | |
| ९ | अफ्थाल्म सहायक | चौथो/पाँचौ | स्वास्थ्य | | १ | | | १ | |
| १० | अ.न.मी. | चौथो | स्वास्थ्य | क.न. | १ | | | १ | |
| ११ | ह.स.चा. | श्रेणी बिहिन | | | १ | | | १ | करार |
| १२ | का.स. | श्रेणी बिहिन | | | ६ | | | ६ | करार |
| १३ | स्विपर | श्रेणी बिहिन | | | ३ | | | ३ | करार |
| | नगर अस्पतालतर्फ जम्मा | | | | ३२ | ३ | ० | ३५ | |

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

अनुसूचि - ५

## शाखा तथा इकाइहरुको कार्यविवरण

**प्रशासनयोजना तथा अनुगमन शाखा ,**

**प्रशासन इकाइ**

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन।
- संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।
- गाउँ पालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा ।
- गाउँपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन ।
- स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु ।
- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व ।
- जिल्ला समन्वय समितिसँगको समन्वय ।
- वडा तहसँगको सम्पर्क र समन्वय ।
- पत्राचार, सभा, समारोह, शिष्टाचार ।
- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन ।
- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन ।
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख ।

SAMIKA RESEARCH & TRAINING PVT. LTD.

**राजश्व इकाइ**

- राजश्व सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन र नियमन (राजस्व चुहावट नियन्त्रण समेत)
- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन।
- सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड ।
- आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन ।
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर नीति), कानुन, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन। (
- मालपोत संकलन ।
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन ।
- ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, ऱ्याफ्टिङ्ग शुल्क ।
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन ।
- पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना ।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- प्रचलित कानुन बमोजिम दण्ड जरिवाना ।
- राजस्व सम्भाव्यता अध्ययन तथा विश्लेणात्मक कार्य ।
- बाँकी बक्यौता रकमको लगत र असुल उपर ।
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक ।
- वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड ।
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन ।
- राजश्व परामर्श समिति सम्बन्धी विषय ।
- स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन ।
- राजश्वको सम्भाव्यता अध्ययन ।
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान ।
- संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था ।

**योजना तथा अनुगमन ईकाई**

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
- बार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन
- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन
- उपभोक्ता समितिको विवरण, क्षमता विकास
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।
- विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा
- विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
- बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन

**कानूनी मामिला इकाई**

- न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
- न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य
- न्याय तथा कानूनी राज्यको परिपालना
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- न्यायिक निर्णय तथा फैसला कार्यान्वयन
- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन र समन्वय
- नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकासन र अभिलेख
- विधायन सम्वन्धी अन्य कार्य ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

वडा कार्यालय

**वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने:**

- आफ्नो वडा भित्रको बस्तुगत विवरण नदीनाला), जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिक अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदितयार गर्ने (, अद्यावधिक गर्दै लैजाने,
- निजी घर तथा घरपरिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्व चित्र तयार तथा अद्यावधिक गर्ने ।
- वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने।
- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने।
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने ।
- वडाभित्रका योजना तथा भौतिक पूर्बाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने।

**वडाका विकास निर्माणका कार्यहरु गर्ने:**

- बालउद्यानको व्यवस्था गर्ने ।
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने ।
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने ।
- बालबालिकाहरूलाई बि.जि.सि., पोलियो, भिटामिन ए को व्यवस्था गर्ने ।
- पोषण कार्यक्रमको सञ्चालन गर्ने ।
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने ।
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने ।
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने ।
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने ।
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने ।
- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय, प्रवर्द्धन र वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने ।
- कृषि मलको माग सङ्कलन गर्ने ।
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने ।
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन ।
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने ।
- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने ।
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने ।



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने ।
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने ।
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,
- वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,
- बाटोघाटोको वाढी, पहिरो पन्छाउने,
- घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,
- वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,
- विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,



SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने,
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,
- वडालाई वातावरणमैत्री बनाउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।
- कानून बमोजिमका नियमन कार्य गर्ने ।
- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घरनिर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने ।
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने ।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महशूलको स्थानीय दररेट तोक्ने ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने ।
- समय समयमा नेपाल कानूनले तोकेबमोजिम अन्य काम गर्ने ।

**अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने**

- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन
- गाउँपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- संघीय कानून र मापदण्ड बमोजिम गाउँपालिकामा व्यक्तिगत घटना जन्म), मृत्यु, विबाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता (,
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यबस्थापन ।
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा बस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घरजग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घरपाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घरकायम गर्ने सिफारिस गर्ने,
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश गर्ने,
- नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,
- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जिमन  सिफारिस गर्ने,
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने,
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

- विद्यालयको कक्षा थप गर्न  सिफारिस गर्ने,
- पालन पोषणको लागि सिफारिस गर्ने,
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,
- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित
- विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,
- धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

**ख. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

**सडकसिंचाई तथा अन्य पूर्वाधार विकास इकाइ ,**

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार
- यातायात सुरक्षा व्यवस्थापन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन
- ट्याक्सी सेवा अनुमती, व्यबस्थापन र नियमन
- ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसंग समन्वय

- यातायात क्षेत्रमा लगानी अभिबृद्धि
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच
- यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन
- निजी यातायात नियमन व्यवस्थापन
- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धिप्रवर्द्धन/,
- विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- सडक वत्तीको व्यवस्थापन
- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन
- सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन
- जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी स्थानीय
- तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

SAMIKA RESEARCH & TRAINING CENTER PVT. LTD.

**भवन तथा मापदण्ड कार्यान्वयन इकाई**

- शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- आधारभूत बसोवास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन
- आफ्नो क्षेत्रको भूउपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था
- स्थानीयस्तरमा सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र वसोवास व्यवस्था
- एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।
- भूमिको वर्गीकरण अनुसारको लगत
- जग्गाको कित्ताकाट र भूमी लगत नक्शा), स्रेस्तानिर्माण र संरक्षण (
- सरकारी प्रयोजनका लागि जग्गा प्रापि, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- स्मारक र पुरातात्विक महत्व लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत
- भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन



